गाउँपालिका राष्ट्रिय महासंघ नेपालद्वारा प्रकाशित

स्थानीय आवाज

गाउँपालिकाका असल अभ्यास ई-बुलेटिन

अङ्क-२, ३१ श्रावण २०८३ (पाक्षिक)

## कफी खेती प्रवर्द्धन गर्न अनौठो अभियान सफल, कृषकको आयआर्जनमा उल्लेख्य सुधार

महाभारत गाउँपालिका- काभ्रेपलाञ्चोक जिल्लाकै दुर्गम क्षेत्रको रूपमा परिचित डाँडापारी क्षेत्रमा अवस्थित महाभारत गाउँपालिकाले सञ्चालन गरेको कफी प्रवर्द्धन कार्यक्रममार्फत बाँझो जमिन हराभरा बनाउँदै कृषकहरूको आयआर्जन र रोजगारीमा ठूलो सफलता हासिल गरेको छ। गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममार्फत कार्यान्वयनमा ल्याएको नवीन अभियानले कफी खेतीको विस्तार, उत्पादन वृद्धि तथा ग्रामीण आर्थिक समृद्धिका लागि दूरगामी प्रभाव पार्न सफल भएको हो।

काभ्रेपलाञ्चोक जिल्लाको कर्णाली भनेर चिनिने यस दुर्गम स्थानीय तहमा कफी खेतीको इतिहास करिब २५ वर्ष पुरानो छ, जसको सुरुवात हेलभटास र रिमरेक संस्थामार्फत भएको थियो। गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ देखि नै कृषकहरूलाई प्रत्येक वर्ष १ लाखभन्दा बढी कफीका बिरुवा नि:शुल्क रूपमा वितरण गर्दै आए तापनि कतिपय कृषकले बिरुवा लिने तर त्यसको उचित संरक्षण नगर्ने गम्भीर समस्या देखिएको थियो। यस क्षेत्रमा कफीको राम्रो उत्पादन भइरहेको भए पनि कृषि पूर्वाधार र कफी प्रशोधन केन्द्रहरूको न्यून उपलब्धता, कफीसँग सम्बन्धित निकायहरूबाट अध्ययन, अनुसन्धान र समन्वयको कमी, कृषकहरूमा प्राविधिक ज्ञान तथा चेतनाको अभाव र अनुदान वितरणमा देखिएका समस्याहरूले गर्दा कफी खेती व्यावसायिक बन्न सकेको थिएन।

यस समस्यालाई समाधान गर्न स्थानीय सरकारले कफी खेतीलाई पहिलो प्राथमिकतामा राखी आवश्यक ऐन, कानुन र कार्यविधि निर्माण गऱ्यो। गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम अन्तर्गत २० लाख रुपैयाँ बजेट विनियोजन गरी **जसले रोप्छ कफीको बोट उसले पाउँछ रु बीसको नोट** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ लागू गऱ्यो। यस नवीन कार्यक्रममार्फत कफीका बिरुवा रोप्ने र संरक्षण गर्ने कृषकलाई प्रतिबिरुवा २० रुपैयाँ प्रोत्साहन रकम दिन थालियो र हालसम्म वर्षेनि ५० हजारभन्दा बढी बिरुवा वितरण भइरहेको छ। यसका साथै प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाको वडा नम्बर ५ मा समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कफी खेती कार्यक्रम अन्तर्गत इजरायली प्रविधिमा आधारित प्लास्टिक मलचिङ तथा थोपा सिँचाइसहित विभिन्न स्थानमा नमुना कफी बगान स्थापना गरिएको छ।

यो कार्यक्रम कार्यान्वयनमा आएपछि पहिलो वर्ष नै गाउँपालिकाका ४४३ कृषकहरू प्रत्यक्ष लाभान्वित भएका छन् र यहाँका कृषकहरू कफी खेती प्रति आकर्षित भई बाँझो जमिनमा सुन्दर कफीका बगैंचाहरू स्थापना गर्न थालेका छन्। यसबाट हजारौं कृषकहरूले राम्रो आम्दानी लिरहेका छन्।

यस क्षेत्रमा कफी खेतीलाई मुख्य हबको रुपमा विकास गर्न "जसले रोप्छ कफीको बोट उसले पाउँछ रु बीसको नोट कार्यक्रम" संगै जोडेर प्रदेश सरकारसंगको साझेदारीमा यस गाउँपालिकाको वडा नम्बर ५ मा **"समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कफी खेती कार्यक्रम"** अन्तर्गत इजरायली प्रविधिमा आधारित प्लास्टिक मलचिङ तथा थोपा सिंचाई सहित विभिन्न स्थानमा नमुना बगैचाहरु स्थापना गरिएको छ । जसले गर्दा कफीको उत्पादन वृद्धि रोजगारि अवसर र आर्थिक समृद्धि तर्फ उन्मुख भएको देखिन्छ । गाउँपालिकाको फोक्सिङटार, सोक्तेल लामिडाँडा, ठुलोपोखरा, चाउडिक, लामाटोल, सल्लेनी तथा महादेवटार लगायतका क्षेत्रहरू सघन कफी खेती प्रवर्द्धनसँगै कृषि पर्यटकीय क्षेत्रको रूपमा विकास भइरहेका छन्।

यो कार्यक्रम स्थानीय भौगोलिक अवस्था, हावापानी तथा किसानको आवश्यकतालाई सम्बोधन गर्ने एक उत्कृष्ट र अनुकरणीय अभ्यासका रूपमा स्थापित भएको छ। बिरुवा वितरण मात्र नगरी कफी बोट रोपेबापत नगद प्रोत्साहन दिने नीतिले बिरुवाको संरक्षण दर बढाएको छ, जसले कार्यक्रमको दिगोपन सुनिश्चित गर्दछ। स्थानीयस्तरमै कफीको दिगो गुणस्तर, व्यवस्थित बगैंचा, प्रशोधन केन्द्र र बजार व्यवस्थापनको विकास हुँदै जाँदा यसले कृषकहरूको प्राविधिक ज्ञान बढाउन र अनुदान वितरणलाई सहज बनाउन ठूलो मद्दत गरेको छ। यस कार्यक्रमको सिको गरी अन्य पालिकाहरूमा पनि यस्ता क्रियाकलाप सिर्जना गर्न सके कृषि क्षेत्रबाट समग्र देशको आर्थिक विकासमा ठूलो टेवा पुग्ने देखिन्छ।

समग्रमा, यस नवीनतम कार्यक्रमले कृषि व्यवसायीकरण, ग्रामीण आर्थिक समृद्धि र कृषि पर्यटन प्रवर्द्धन गर्दै महाभारत गाउँपालिकालाई मुलुककै उत्कृष्ट कफी उत्पादन क्षेत्रका रूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

(स्रोत: खिम बहादुर डाँगी, महाभारत गाउँपालिका)

